**Kaumodaki : Journal of Multidisciplinary Studies**
[ A Peer-Reviewed, Open Access Journal; Indexed in NepJOL ]
ISSN : 2822 - 1567 (Print); ISSN : 2822 -1583 (Online)
Published by Research Committee, Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

# संस्कृत साहित्यशास्त्रमा वर्णित रसदर्शन

**नारायण चालिसे**
Department of Nepali, Balmeeki Vidyapeeth (Campus), Kathmandu, Nepal

***Article History*** **:** *Submitted 16 Oct. 2021; Reviewed 22 Nov. 2021; Revised 01 Dec. 2021*
***Corresponding Author*** **:** *Narayan Chalise,* ***Email :*** *narayanchalise21@gmail.com*
***DOI*** *: https://doi.org/10.3126/kdk.v2i1.43166*

**सार**

*प्रस्तुत आलेख संस्कृत साहित्यशास्त्र, त्यसअन्तर्गतको रससम्प्रदाय, त्यसमा वर्णित रसदर्शन मान्यतासँग सम्बन्धित रहेको छ । साहित्यशास्त्रमा रसपरम्परा सबैभन्दा मुख्य मानिन्छ । त्यसमा विवेचना गरिएका विभिन्न पक्षमध्ये रसलाई दर्शन मानेर गरिएको व्याख्या अझ महत्त्वपूर्ण छ । रसलाई काव्य वा साहित्यको मुख्य विषय मान्ने क्रममा रसलाई काव्यको आत्मा हो भनिएको छ । साथै विद्वान्हरूले रसलाई यो आध्यात्मिक दर्शन हो, यो ब्रह्मसमान छ, यो अनीर्वचनीय, अखण्ड, स्वप्रकाश, आनन्दमय, चिन्मय, छ भन्ने सन्दर्भमा दिएका दृष्टान्तहरू र व्याख्याहरूले रसलाई जुन उचाइ दिइएको छ त्यो महत्त्वपूर्ण हुँदाहुँदै पनि यसले केही दार्शनिक प्रश्नहरू जन्माएको छ । रसलाई काव्य साहित्यको महत्त्वपूर्ण विषय मानिरहँदा र रसको दार्शनिकतालाई पनि स्वीकारीकन पनि सधैँ उठ्ने ज्वलन्त प्रश्न यसको आध्यात्मिक तहको व्याख्या हो । रसलाई आध्यात्मिक मान्ने, रसलाई काव्यको आत्मा मान्ने र विद्वान्हरूले मानेझैँ रसलाई ब्रह्म पनि मानेपछि रस काव्यको विषयबाट अलगिगएर दर्शन मात्रैको विषय बन्नेगरी दार्शनिक मान्ने हो भने यसको काव्यात्मक शक्ति र सामर्थ्य कमजोर बन्ने र आध्यात्मिकता बढ्न गई यसको लौकिक धर्म पनि मेटिएर भौतिक जगत्को विषय नभएर आध्यात्मिक जगत्का कुरो हुन जान्छ । त्यतिमात्र होइन जुन उचाइ काव्यमा यसले लिएको थियो त्यो सबै दर्शनमा रूपान्तरण हुन जाँदा दर्शन र साहित्य एउटै विषय हुन् भन्नुपर्ने अव्यवस्था आउने देखिन्छ । रसदर्शन उचित हो तर रसको अलौकिकता, ईश्वरसदृशता, अनिर्वचनीयता आदि जसरी व्याख्या भएका छन् तिनले रसलाई कतै काव्यको क्षेत्रबाट अन्तै लैजाँदै त छैनन् ? रसलाई आध्यात्मिक मात्र मानिरहँदा सबै विचार र भावका भावकहरूबाट छुट्याउँदै त छैन ? रस काव्यको भाव नभएर दर्शनको वस्तु मात्रै बन्दै त छैन ? भन्ने केही जिज्ञासाहरू जन्मिन्छन् तिनलाई समेटेर रसलाई लौकिक नै मान्ने तर्फको प्रयास नै उत्तम हो भन्ने आशय यस आलेखको निष्कर्ष विचार हो ।*

**शब्दकुञ्जी :** *अनिर्वचनीय, आध्यात्मिकता, ब्रह्म, रसदर्शन, साहित्यशास्त्र*

## विषय प्रवेश

यस आलेखमा मूलतः नेपाली समालोचनामा गहिरो प्रभाव रहेको संस्कृत साहित्यशास्त्रको मूलभूत मान्यता रस र त्यसको दर्शनका विषयमा चर्चा गरिएको छ । यो सैद्धान्तिक विषयको लेख भएकाले रस सिद्धान्तको मान्यतामा

*copyright 2022 © the Author(s) and the Publisher*

आबद्ध भएर यो लेख तयार गरिएको छ । रस दर्शन हो कि होइन ? रस आध्यात्मिक विषय हो कि भौतिक हो ? रस काव्यशास्त्रको र साहित्यसम्प्रदायको पनि महत्त्वपूर्ण मान्यता हो । रसको दर्शन अर्थात् यसको वैचारिकी पनि रसदर्शन नै हो साथसाथै रस पनि दर्शन हो भन्ने सन्दर्भले हेर्ने हो भने न्याय, वेदान्त आदिजस्तै रस पनि दर्शन हो त ? भन्ने कुरा एउटा बहसको विषय पनि बनेको देखियो । साहित्यशास्त्रीहरूले रसलाई दर्शनको रूपमा गरेको व्याख्यालाई केन्द्रमा राखेर यस आलेखमा यी दुबै पक्षमा छलफल गरिएको छ । त्यस्तै दर्शनशास्त्रहरूमा अध्यात्मका विषयमा भएका चिन्तन र अभिव्यक्त विचारहरू र रसलाई आध्यात्मिक विषय मान्दा उठ्न सक्ने विभिन्न जिज्ञासाहरूको केन्द्रमा रहेर रस दर्शनको विवेचना गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## समस्या र उद्देश्य

रस दर्शन हो कि होइन ? रसले आध्यात्मिक दर्शनको पृष्ठपोषण गर्न खोज्छ ? के रसलाई अलौकिक मान्न मिल्छ ? भन्ने मुख्य शोधप्रश्नमा केन्द्रित रहेर यिनै प्रश्नको प्राज्ञिक समाधान खोज्ने उद्देश्यमा यो लेख केन्द्रित रहेको छ ।

## शोध विधि

यस लेखमा निगमन विधिको प्रयोग भएको छ । सन्दर्भपरक विश्लेषण विधिमा आबद्ध रहेर तर्क र प्रमाणका आधारमा विषयको परिशीलन गर्ने विधि यस लेखमा अवलम्बन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार एवं संस्कृत काव्यसम्प्रदाय

सैद्धान्तिक विषयको लेख भएकाले रस सिद्धान्तको मान्यतामा आबद्ध भएर यो लेख तयार गरिएको छ । समालोचना भनेको कुनै पनि साहित्यिक कृतिको कृतिगत मूल्यमापन गर्ने कला हो । सिर्जना पहिलो चरण हो भने उक्त साहित्यको मूल्यमापनको प्रक्रिया दोस्रो अर्थात् समालोचनाको चरण हो । समालोचनालाई दोस्रो सृजना पनि भनिन्छ । सृजनामाथिको पुनः सृजना नै समालोचना हो “सृजनात्मक साहित्यको व्याख्या विवेचना गरेर, गुणदोषलाई केलाएर एवं त्यसका मूल्य र महत्त्वलाई स्पष्ट पारेर कृतिलाई बोधगम्य एवं आस्वाद्य बनाउनका साथै कृति एवं कृतिकारको मूल्याङ्कनसमेत समालोचनाले गर्दछ” (कँडेल, २०५५, पृ.क) भनिएको छ । नेपाली साहित्यको सन्दर्भमा पनि समालोचना प्रक्रियाको प्रारम्भ माध्यमिक कालदेखि भएको मानिएको छ । कृतिको मूल्यमापनको आधार के हुने भन्ने कुरा त्यत्तिकै महत्त्वपूर्ण कुरा हो । कृतिले समाज, जीवन वा लोकमा पार्ने प्रभाव वा पार्नुपर्ने प्रभावको लेखाजोखा गर्ने शास्त्रलाई मूलतः समालोचना भनिन्छ । नेपाली साहित्य समालोचनाको प्रारम्भ भएपछि पनि हेर्न खोजिएका कुरा यिनै थिए । हेर्नको निम्ति कुन मापदण्ड निर्धारण भन्ने प्रश्नसँगै नेपाली समालोचना विधामा एकातिर पूर्वीय पद्धति र अर्कोतिर पाश्चात्य पद्धतिको प्रभाव परेको देखिन्छ । समालोचनाका दुई मुख्य धारहरूमध्ये पूर्वीय (संस्कृत) साहित्यसमालोचना एउटा महत्त्वपूर्ण धारको रूपमा रहेको छ । अझ भनौं समालोचना परम्पराको थालनीमै संस्कृत समालोचना पद्धतिको प्रवेश भएको हो भन्दा अत्युक्ति हुँदैन । भरतमुनिको नाट्यशास्त्रदेखि पण्डितराज जगन्नाथको रसगङ्गाधरसम्मका ग्रन्थहरू शास्त्रीय समालोचनासँग सम्बन्धित छन् र नेपाली समालोचनामा यिनै शास्त्रभित्रका विभिन्न सम्प्रदायहरूको प्रभाव रहेको छ । समालोचनाको यो धार नेपाली साहित्यको समालोचनामा किन पनि बढी महत्त्वपूर्ण छ भने नेपाली साहित्यको पुरानो प्रचलित लेखन सबै संस्कृत साहित्यको अनुसरणमै केन्द्रित रहेको छ ।

पूर्वीय साहित्य समालोचनाको सैद्धान्तिक र प्रायोगिक दुवै धारको प्रयोग नेपाली समालोचनामा भएको छ “काव्यशास्त्रीय समालोचना सैद्धान्तिक समालोचनाको एउटा विधि हो । यस विधिबाट समालोचना गर्दा साहित्यका विधागत विशेषता र कृतिको भावगत मूल्यका विषयमा विवेचना गरिन्छ” (एटम, २०६१, पृ.२१६) । कुनै पनि साहित्यिक कृतिको कृतिगत मूल्यनिर्धारणाको आधार पूर्वीय समालोचनाका सम्प्रदायहरू बने । समालोचनामा जुनकुनै पद्धतिको प्रयोग गरिनुको प्रयोजन उक्त कृतिको कृतिगत मूल्य के कति हो ? भन्ने पहिचान गर्नु नै हो । कुनै पनि कृतिको मूल्यमापनका आधार के हुन् ? भनेर गरिने पहिलो प्रश्नमै सहज किसिमले आउने उत्तरभित्र उक्त कृतिमा प्रस्तुत भएको रस, प्रयुक्त अलङ्कार, प्रयुक्त ध्वनि यसै गरी रीति, वक्रोक्ति र औचित्य आदि पनि कृतिका मूल्यमापनका आधारहरू हुन् । हो कृतिको मूल्य यत्ति मात्रै नहुन पनि सक्छ । कृतिको वैचारिकताको मापनसँगै कृतिको दार्शनिक मूल्यको कुरा

पनि आउँछ । यसका अलावा समालोचनाका अन्य विधि/पद्धतिका पनि कुरा त होलान् तापनि संस्कृतकाव्यशास्त्रीय समालोचनालाई नकार्ने, उपेक्षा गर्ने वा सिद्धान्ततः कृतिको गहिराइ पत्ता लगाउने सन्दर्भमा यो विधिजत्तिको सशक्त अरू विधि छैनन् भन्न सकिन्छ ।

रस, ध्वनि, अलङ्कार, रीति, वक्रोक्ति र औचित्यलाई संस्कृत साहित्यका मुख्य समालोचना सिद्धान्त वा सम्प्रदाय मानिन्छ । साहित्य समालोचनाका यी सम्प्रदायहरूलाई पनि दुई वर्गमा राखेर हेर्न सकिन्छ भन्ने विद्वान्हरूको धारणा पाइन्छ । कुनै पनि कृतिको अन्तर्तत्त्व अर्थात् आत्माका विषयमा समीक्षा गरिने आत्मावादी समालोचना रस, ध्वनि र कृतिको बाह्य अर्थात् देहपक्षका बारेमा समालोचना गर्ने अलङ्कार, रीति, वक्रोक्ति आदि देहवादी समालोचना भनेर पूर्वीय समालोचनालाई दुई वर्गमा बाँडेर हेरिएको छ (कँडेल, २०५५, पृ.च) । यसरी हेरेपछि साहित्यिक कृतिका सबै पक्षमा पूर्वीय समालोचनाले समीक्षा गर्न मिल्छ वा सक्छ भन्ने पनि सङ्केत मिल्छ । रस र ध्वनिले कुनै पनि रचनाको वस्तु वा भावपक्षको समालोचना गर्दछन् भने अलङ्कार, रीति, वक्रोक्ति आदिले रचनाको कलापक्षको समालोचना गर्दछन् । नेपाली समालोचनामा महत्त्वपूर्ण भूमिकामा रहेका यी समालोचना पद्धतिका आफ्ना विशेषता रहेका छन् । यस आलेखमा साहित्यशास्त्र केन्द्रीय भूमिकामा रहेको रससम्प्रदाय, रसको काव्यात्मक गरिमा, रसको दार्शनिक सन्दर्भका विषयमा केही चर्चा गरिन्छ :-

## रससम्प्रदाय

आचार्य भरत (इ.पू प्रथम शताब्दी) ले नाटकका विषयमा लेखेको नाट्यशास्त्रलाई संस्कृतसाहित्यको प्रथम लक्षणग्रन्थ मानिन्छ र रसपरम्पराको पनि पहिलो औपचारिक अभिव्यक्ति यसै ग्रन्थलाई मानिन्छ । संस्कृत साहित्यमा रसको चर्चा भरतभन्दा पहिला नै भएको अनुमान हुन्छ । त्यस्तै भरतभन्दा पूर्व नै काव्यमा रसको आवश्यकता अनुभव गरिएको भन्ने बारेमा चर्चाहरू पनि पाइन्छन्, तापनि ती कुराहरूको प्रष्ट प्रमाण फेला परेको छैन । यद्यपि भरतमुनिले पनि आफ्ना पूर्ववर्ती द्रुहिणाचार्यको हवाला दिएबाट र वाल्मीकि रामायणमा समेत चर्चा भएको पाइएबाट भरतमुनिभन्दा पहिले नै पनि काव्यानन्दको अर्थमा रस शब्दको प्रयोग भइसकेको देखिन्छ । तैपनि उपलब्ध सामग्री र परिपुष्ट विवेचनाका आधारमा भरतमुनिलाई नै पूर्वीय काव्यसंसारका रससिद्धान्तका अधिष्ठाता मानेर चल्ने बलियो परम्परा बनिसकेको छ (पोखरेल, २०५९, पृ.३) । त्यसपछि इस्वीको सत्रौं शताब्दीसम्म रसलगायत संस्कृतसहित्यशास्त्रको उर्वर समय रहेको मानिन्छ । रससम्प्रदाय पूर्वीय साहित्य समालोचनाको महत्त्वपूर्ण मान्यता हो र यो सबैभन्दा जेठो र प्रमुख सम्प्रदाय समेत हो । सन्दर्भअनुसार रस शब्दका दूध, मधु, विष, वीर्य, जल, सोमरस (मदिरा), गन्ध, स्वाद आदि शाब्दिक अर्थहरू गरिएको पाइन्छ । काव्यशास्त्रको सन्दर्भमा रस एउटा विशिष्ट अर्थसम्पन्न सशक्त सम्प्रदाय विशेषका रूपमा चिनिएको छ । "रस्यते आस्वाद्यते असौ इति रस" अर्थात् जसले आस्वादित गराउँछ त्यही रस हो भनेर साहित्यशास्त्रमा रसको अर्थ गरिएको छ । यसको तात्पर्य काव्य वा साहित्यका सन्दर्भमा चमत्कारपूर्ण आनन्दको अनुभूति गराउन सक्ने तत्त्व वा वस्तुविशेष नै रस हो भन्ने हुन्छ ।

रस शब्दको सर्वप्रथम प्रयोग कहाँ र कसरी भयो भन्ने कुरा पनि शोधकै विषय रहेको छ । रस चर्चाको परम्परा वैदिक कालदेखि नै भएको मानिएको छ । वेदमा "रसो वै सः" अर्थात् त्यो नै रस हो । "रसह्येवायं लब्ध्वानन्दी भवति", (तै.उ.२, ७, १) रसलाई पाएर नै त्यो आनन्दित हुन्छ भनिएको छ । त्यस्तै "प्राणो वा अङ्गानां रसः (वृ.आ.उ.१,३,१९)", "रसः सार श्चिदानन्दप्रकाशः" (वृ.आ.उ.२.७.१), "रसो रतिः प्रीतिर्भावो रागो, वेग समाप्तिरिति रतिपर्यायः" (का.सू.२.१.६५), "वाग्वैदग्ध्यप्रधानेऽपि रस एवात्र जीवितम्" (अ.पु.३१, ३३७) "युक्तं लोकस्वभावेन रसैश्च सकलैः पृथक्" (का.लं १८, १.१३), "काव्यस्यात्मा स एवार्थस्तथा चादिकवेः पुरा" (ध्वन्या.१.५) इत्यादि धेरै परिचय र परिभाषाहरू रसका विषयमा प्राप्त छन् । यिनले रसलाई विभिन्न सन्दर्भ र अर्थमा चिनाउन प्रयत्न गरेका छन् । रसको आविष्कार ब्रह्माबाट भएको हो भन्ने मत पनि पाइन्छ । तापनि वेदबाट नै रस शब्दको प्रयोग भएको र विभिन्न सन्दर्भगत अर्थमा रस शब्द प्रयोग हुँदै आएको भन्ने मत नै बढी युक्तिसङ्गत मानिन्छ । साहित्यशास्त्रमा आधिकारिक रूपमा रसको सर्वप्रथम प्रयोग गर्ने व्यक्ति आचार्य भरतमुनि (इ.पू. प्रथम शताब्दी) लाई मानिन्छ । उनले आफ्नो नाट्यशास्त्रको व्याख्या गर्ने सन्दर्भमा रसका बारेमा

चर्चा गर्दै भनेका छन् “विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः” (ना.शा.६/३२) अर्थात् विभाव, अनुभाव र व्यभिचारि भावको संयोगबाट रसको उत्पत्ति हुन्छ यो रससूत्र हो । त्यस्तै उनले नाटकमा रसको उपादेयता प्रष्ट गर्दै नाट्यशास्त्रमा श्रृङ्गार, हास्य, करुण, वीर, रौद्र, भयानक, बीभत्स र अद्भूत नाम गरेका अरु आठ किसिमका रसहरूको उल्लेख गरेका छन् । भरतपछि पनि ईशाको आठौं शताब्दीसम्म रसको सामान्य चर्चा मात्र पाइन्छ । नवौं शताब्दीमा आएर मात्र रसको व्याख्या र विवेचना गर्ने क्रम सुरु हुन्छ । त्यसपछि क्रमशः सत्रौं शताब्दीसम्म आइपुग्दा रसले काव्यमा आफ्नो विशिष्टता सिद्ध गर्नुका साथै यसले अविजय सम्मानसमेत प्राप्त गरेको पाइन्छ । यस क्रममा आचार्य विश्वनाथले गरेको रसको परिभाषालाई यस आलेखमा विवेचनाको विषय बनाइएको छ ।

“सत्त्वोद्रेकादखण्डस्वप्रकाशानन्दचिन्मयः ।

वेद्यान्तरस्पर्शशून्यो ब्रह्मानन्दसहोदरः ।

लोकोत्तरचमत्कारप्राणः कैश्चित् प्रमातृभिः ।

स्वाकारवदभिन्नत्वेनायमास्वाद्यते रसः” (सा.द., ३/३४) ।

अर्थात् रस भनेको अखण्ड, स्वप्रकाश, आनन्दमय, चिन्मय , वेद्यान्तर, स्पर्शशून्य, ब्रह्मानन्दसहोदर, र लोकोत्तर चमत्कार नै प्राण (मूलतत्त्व वा आत्मतत्त्व) भएको हो अर्थात् रस भनेको ब्रह्म त होइन तर ब्रह्मको सहोदर आनन्दस्वरूप तत्त्व नै हो भनेका छन् । यसै गरी रसलाई काव्यको प्राण मान्ने वा सहयोगी तत्त्व मान्ने सबैखाले विद्वान्हरूले रसलाई विशिष्ट स्थानमा राखेर मूल्याङ्कन गरेको पाइन्छ । निचोडमा सहृदयका मनमा वासना र संस्कारका रूपमा रहेका रति, हाँसो, शोक आदि नाम गरेका स्थायी भावहरू जो आनन्दात्मक छन् तिनैलाई रस भनिन्छ र तिनैको प्रयोग भएको शास्त्र रसशास्त्र हो । त्यसैले आनन्दमय, अलौकिक, चमत्कारपूर्ण अनिर्वचनीय तत्त्व नै रस हो भन्ने निष्कर्ष निस्कन्छ ।

**रसदर्शन**

माथि सङ्केत गरिएजस्तै साहित्यशास्त्रको सबैभन्दा लोकप्रिय सम्प्रदाय बनेर संस्कृतसाहित्यमा प्रसिद्ध भएपछि यसका मूलभूत पक्षमाथि पनि विद्वान्हरूले अभिरुचिपूर्वक धारणाहरू राखेको पाइन्छ । रसदर्शन संस्कृत साहित्य जगत् मा प्रचलित दार्शनिक मान्यता हो । रसलाई साहित्यमा काव्यकृतिको रसास्वादन गर्ने र गराउने विषय मानिँदै आएको परिप्रेक्ष्यमा रसलाई दार्शनिक सन्दर्भबाट हेर्दा सोही चिन्तन मात्रै पनि महत्त्वपूर्ण नहुन सक्छ भन्ने तार्किक चेतनाको बीजाधान रसदर्शनबाट हुन गएको पाइन्छ । रस भनेको साहित्यको विषय मात्रै हो कि अन्य विषयक्षेत्रको कुरा पनि हो ? भन्ने विषयमा पहिलो समाधान रस अरू विषयक्षेत्रमा पनि प्रचलित कुरा हो भन्ने वाक्यांशले नै दिन्छ । यहाँ दर्शन विषयसँग जोडेर के रस दर्शनको पनि विषय हो ? अनि साहित्यको दर्शन र रसको दर्शनका बीचको सम्बन्ध के कस्तो होला ? रसलाई दार्शनिक विषय मान्ने आधारहरू के हुनसक्छन् ? यहाँ यसै विषयमा चर्चा गरिन्छ ।

रससम्प्रदायको प्रारम्भ भरतले नाटकको सन्दर्भमा गरेपछि रसलाई नाटकबाट माथि उठाएर काव्य वा साहित्यकै महत्त्वपूर्ण विषय हो भन्ने सिद्ध गर्न विभिन्न विद्वान्हरूले राखेका माथिका धारणाहरूसँगै ज्यादै विशेष किसिमले उठेको विषय रसको दार्शनिकता हो । यो कुनै लहडी भनाइ वा अतिशयोक्ति होइन भने यो विचारसँग गहिरो दार्शनिक विचार जोडिएर आएको छ । पहिलो कुरा कुनै पनि विचार, सिद्धान्त वा साहित्यको आफ्नो दर्शन हुन्छ । दर्शन भनेको वैचारिक आधार हो । त्यसैले रस सिद्धान्तको गहन दार्शनिक पृष्ठभूमि छ । रसको गुण र गरिमा मिलेर रसदर्शनको निर्माण भएको छ । रस सिद्धान्तलाई आनन्दोपलब्धिको सिद्धान्त पनि भनिएको छ । आनन्दको अभिव्यक्तिका साधनावस्था र सिद्धावस्था गरी दुई अवस्थाका बारेमा चर्चा गरिएको पाइन्छ (शुक्ला, २००६, पृ.५६) । रसलाई विद्वान्हरूले यी दुवै अवस्थाको अभिव्यक्ति मानेका छन् । एउटा ज्यादै उच्च प्रकारको सुख प्रदान गर्ने वस्तुको नाम सौन्दर्य हो । मनको, अनुभूतिको दर्शनवृत्तिको बोध र रागात्मक दशा नै सौन्दर्य हो र रसले आनन्दका माध्यमले त्यो सौन्दर्य प्रदान गर्दछ । आनन्दको सिद्धावस्था शान्ति र सुखको अवस्था हो (शुक्ला, २००६, पृ.७७) भनेर रसदर्शनको आधार देखाइएको छ । “जीवनको मूलभूत उद्देश्य आनन्दको उपलब्धि हो । दार्शनिकहरूले सत्य, शिव र सुन्दरलाई जीवनको उद्देश्य त मानेका छन् तर उनीहरूले यिनैलाई चरम लक्ष्य नमानी आनन्दोपलब्धिलाई चरम लक्ष्य मानेका छन् र सत्य, शिव र

सुन्दरलाई आनन्दोपलब्धिको साधन मानेका छन्" (उपाध्याय २०४८, पृ.३६) भन्ने भनाइले पनि उपर्युक्त विचारकै समर्थन गरेको छ। त्यतिमात्र होइन "सत्यम्, शिवम् र सुन्दरम् उच्च साहित्य र विशिष्ट दर्शन पनि हो। सौन्दर्यविनाको सत्य र सत्य छोपिएको सौन्दर्यको अर्थ रहँदैन त्यसैले सत्यलाई सौन्दर्यले र सौन्दर्यलाई सत्यले साथ दिनुपर्छ" (गौतम, २०६७, पृ.४३१) पनि भनिएको छ। यहाँ अभिव्यक्त सत्यले दर्शनलाई र सौन्दर्यले साहित्यलाई छुट्टाछुट्टै बुझाउन प्रयोग गरिएको पनि पाइन्छ। तापनि सौन्दर्यविनाको दर्शन र सत्यविनाको साहित्य पनि हाम्रो अभिरुचिको विषय होइन। काव्य वा नाटक आदिका क्षेत्रमा रस भनिएका वस्तुलाई दर्शनमा सत्य भनिएको छ। त्यो "सत् रसलाभ गरेर आनन्दी हुन्छ भनिएको छ। दर्शनमा आनन्दलाई ब्रह्म भनिएको छ र आनन्दको व्यापकता प्रतिपादित गरिएको छ। यसरी दार्शनिक दृष्टिमा सत्, ब्रह्म, आनन्द र रस एउटै तत्त्वका नाम हुन्। यसबाट के सिद्ध हुन्छ भने रस ब्रह्मस्वरूप छ र रसानुभूति पनि त्यसैले गर्छ" (उपाध्याय, २०४८, पृ.३६) भनेर विद्वान् समीक्षकले हामीलाई रसदर्शनको आध्यात्मिक पक्षतर्फ प्रवेश गराउन खोजेको पाइन्छ। विद्वान्हरूले भनेको यसै विचारले रस आध्यात्मिक विषय हो भन्ने पनि सङ्केत मिल्छ।

विशेष गरी यस आलेखमा आचार्य विश्वनाथले व्यक्त गरेको रससम्बन्धी विचार(३/३४) लाई मात्र केन्द्रमा राखेर केही छलफल विमर्श गरिएको छ। रस काव्यको आत्मा हो। रस अनिर्वचनीय तत्त्व हो। रस ब्रह्मानन्दसहोदर तत्त्व हो। यो वेद्यान्तरस्पर्शशून्य छ। यो अखण्ड तत्त्व हो। यो स्वप्रकाशित हुन्छ। यसको अनुभूति आत्माले गर्छ। यसको साधारणीकरण हुन्छ भन्ने विश्वनाथका विचारहरूबाट रसलाई दर्शनसँग जोडेर गर्न मिल्ने बाटो खुलेको अनुभव हुन्छ। साथै केही तार्किक जिज्ञासा पनि यसै भनाइबाट उत्पन्न भएका छन्। यसै गरी रसका विषयमा अरू धेरै आध्यात्मिक कुराहरू भएका छन्। जसले रस केबल काव्यानन्दको विषयमात्र होइन भन्ने कुरालाई सङ्केत मात्र गरेनन् तिनले रसको दार्शनिक महत्त्व खोतल्नेतर्फ प्रेरित गरेका छन्।

यस विचारको अर्को विशेष दृष्टान्तका रूपमा रससूत्रका व्याख्याहरू आए। मीमांसा, न्याय, साङ्ख्य र वेदान्त आदि दर्शनका व्याख्याताहरूले रसको दार्शनिकतालाई प्रमाणित गर्ने थप प्रयत्न गरे। यी व्याख्याकार र दर्शनहरू सबै आध्यात्मिक पनि रहेकाले रसको आध्यात्मिकतालाई पनि यिनले समर्थन गरे। पूर्वीय आध्यात्मिक दर्शनहरू जसको मुख्य उद्देश्य वास्तविकताको खोजी गर्नु हो। दुःखको अतिशय, आत्यन्तिक निवारण र सुखको प्राप्ति गर्नु रहेको छ (सिन्हा, १९८३, पृ.३) भनिएको छ। तिनीहरूले जीवन र जगत्लाई भौतिक विषय मानेर यिनको पनि भोग हाम्रो जन्मको उद्देश्य हो तर जीवनको मुख्य उद्देश्य परमपदको प्राप्ति हो त्यसको निम्ति आध्यात्मिक उपायहरू अवलम्बन गर भनेर गहन विचारहरू दिएर गएका छन्। दर्शनलाई अध्यात्मसँग जोडेर चिनाउने प्रयत्न पूर्वीय दर्शनको महत्त्वपूर्ण चिन्तन हो। "आत्मा वा अरे द्रष्टव्यः, श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः" (बृ.आ.उ. २/४/५) यो उपनिषद् वचन त्यसैको दृष्टान्त हो। त्यसैगरी दर्शनलाई परब्रह्मसँग दाँजेर चेतनालाई दर्शन दिन आउने तत्त्वको साक्षात्कार गराउने तत्त्व दर्शन हो "आहूत इव मे शीघ्रं दर्शनं याति चेतसि" (श्रीमद्भागवत, १/६/३४) भनेर पौराणिक काव्यमा समेत दर्शन र अध्यात्मको सम्बन्ध बुझाउन खोजिएको पाइन्छ। त्यसै गरी दर्शनको सम्बन्ध अध्यात्मसँग, अध्यात्मको सम्बन्ध धर्मसँग र धर्मको सम्बन्ध श्रुतिसँग र श्रुतिको प्रयोजन सांसारिकताबाट मुक्ति रहेको छ भन्ने चिन्तन आध्यात्मिक दर्शनको मुख्य विषय भएको बुझ्न सकिन्छ (चालिसे,२०६९,पृ.३) भनेर पनि निष्कर्ष निकालियो। यी केही दृष्टान्तहरूले पूर्वीय दर्शनको मुख्य विषय आध्यात्मिकता हो भन्ने सङ्केत पाइन्छ। अब दर्शले के कस्ता विषयहरूलाई प्राथमिकतामा लिएका छन् भन्नेतर्फ ध्यान दिँदा ईश्वर,आत्मा, ब्रह्म, धर्म, मोक्ष जस्ता तत्त्वहरू दर्शनका बहसका विषयहरू बन्दै आएको थाहा पाइन्छ। न्याय दर्शनले "ईश्वरलाई जगत्कर्ता, जगत्स्रष्टा मानेर विभिन्न युक्तिहरूले ईश्वरसिद्धि गर्न चाहन्छ भने दुःखनाश नै मोक्ष हो भन्ने वैशेषिक दर्शनले पनि ईश्वर र श्रुतिलाई सिद्ध गर्न चाहन्छ" (शर्मा,(अनु.)२०६१, पृ.५५)। प्रत्यक्ष ईश्वरको पक्षमा नरहेको साङ्ख्य दर्शनले दुःखमय संसारभन्दा पर आत्मामा अशरीर पुरुष छ। ईश्वर मुख्य कारण नभएर व्यवस्थापक मात्र हो। पुरुषतत्त्व ईश्वरसदृश हो भन्ने मानेको छ (शर्मा,(अनु.) २०६१,पृ. १०१)। बन्धनरहित शुद्ध आत्माको साक्षात्कार गर्न चाहने, योग एवं चित्तवृत्तिनिरोधलाई मुख्य मान्ने योग दर्शनले आत्मालाई र अप्रत्यक्ष ईश्वरलाई नै मानेको छ (चट्टोपाध्याय र दत्त, १९८८,पृ.१८६)। वेदलाई सर्वोपरि मान्ने मीमांसा दर्शनले ईश्वर, आत्मा, ब्रह्म, धर्मआदि सबै

तत्त्वलाई नै मानेको पाइन्छ (शर्मा,१९९८, पृ.१९१) । वेदान्त दर्शन जसको मुख्य ध्येय नै ब्रह्मको सिद्धि र प्राप्ति गर्नु हो (आचार्य, १९९७, पृ.६४२) । यसको धेरै चर्चा रसलाई दर्शन मान्ने सन्दर्भमा विद्वान्हरूबाट भएको छ । अनि, सुख, दुःख, हर्ष, पीडा, आनन्द,वैराग्य, विस्मय, ग्लानि, चिन्ता आदि भावहरू जीवनका राग र विरागहरू दर्शनका बहसका विषय रहेको बुझिन्छ ।

रसलाई यो आध्यात्मिक हो, यो आत्मातत्त्व हो, यो ब्रह्ममय हो, यो आनन्दमय हो, यो प्रकाशमान् छ, यो वेद्यान्तरस्पर्शशून्य छ, यो चिन्मय छ, यो अखण्ड छ, यसले सत्त्वको उद्रेक गराउँछ आदि रसका विशेषणहरू बताइएको छ । यी सबै अलौकिक छन् । अर्थात् यिनले रस भनेको त्यस्तै तत्त्व हो जस्तो ईश्वरको वर्णनमा बताइएको छ, जस्तो आत्माको वर्णन छ, जस्तो ब्रह्मको वर्णन छ, जस्तो धर्मको वर्णन छ आदि कुराहरूले रस भनेको त दर्शन नै हो भन्ने अवस्था सिर्जना गराएका छन् । रस, रस नै हो अरू होइन भन्ने भावमा पूर्वेली परम्परालाई नै चुनौती दिने गरी पनि केही विचार आएका छन् । “अतिशय प्राचीन भएकाले रससिद्धान्तका विषयमा भ्रामक धारणा के बसालिन्छ भने अध्यात्मवादिता, ईश्वरवादिता र भाग्यवादिताजस्ता थोत्रे मान्यतामात्र यसले अँगाल्छ, तर यो सरासर झूटो हो रसवादलाई पटक्कै नबुझ्नाको गल्ती हो” (पोखरेल, २०५९, पृ.७) । तर यस विचारको अन्त्यको सारले फेरि रसवाद सबैथोक हो । जसले जे खोजे पनि यहाँ पाइन्छ भन्ने आशय पाइनाले यो टिप्पणी केवल रसवादलाई पुरानो पद्धति मात्रै मान्नेलाई जबाफ दिन खोजिएको जस्तो देखिन्छ । रसानुभूति अलौकिक वा लोकोत्तरको विषय होइन किनभने यो प्रत्यक्ष वा वास्तविक अनुभूतिबाट सर्वथा पृथक् कुनै असंवृत्ति होइन, बरू यसै लोकको एउटा उदात्त र अवदात्त स्वरूप हो (शुक्ला, २००६, पृ.२७५) । यो मतले रसलाई साहित्यको लौकिक एवं स्वाभाविक विधानभित्रको विषय मान्न चाहेको बुझिन्छ जुन उचित पनि हो । लौकिक जगत्मा प्रादुर्भाव भएका विचारको सान्दर्भिकतालाई लौकिक जगत्कै सापेक्षतामा हेरिन आवश्यक छ भन्ने तर्क आधुनिक दार्शनिक चिन्तकहरूको रहेको छ ।

निश्चय पनि रसको आफ्नो ज्यादै विशिष्ट दर्शन छ । रसानुभूतिका निम्ति विद्वान्हरूले परिकल्पना गरेको अवस्था अत्यन्त उच्चकोटिको दर्शन हो । विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावको जुन चिन्तन छ त्यो असाधारण चिन्तन हो । रसशास्त्र अर्थात् रसानुभूतिको दर्शनको पृष्ठाधारमा रसवाद वा रससम्प्रदाय अडेको छ । यहाँ मात्र तर्क के हो भने के रस त्यस्तै दर्शन हो त जुन दर्शनले ईश्वर सिद्ध गर्न चाहन्छ ? ब्रह्म वा परब्रह्म, परमात्मा (ईश्वर) सिद्ध गर्न चाहन्छ ? लोकोत्तरको मार्ग देखाउन चाहन्छ ? यस्तै आध्यात्मिक दर्शनका अनगिन्ती विचारको पृष्ठपोषण रसदर्शनले गर्न खोजेको हो त ? यिनै तर्कहरूको तार्किक समाधानको प्रयत्न यसमा भएको छ ।

## रस आध्यात्मिक हो ?

रससिद्धान्तको व्याख्यापछि सबैभन्दा पहिले उठ्ने जिज्ञासा र प्रश्न के हो भने के रस आध्यात्मिक विषय हो ? रस आध्यात्मिक हुन सबैभन्दा पहिले रसको सम्बन्ध आध्यात्मिकतासँग हुनसक्ने सम्भावनाका विषयमा हेर्नुपर्ने हुन्छ । अध्यात्म भनेको ईश्वर मान्ने, ईश्वरका विषयमा अभिरुचि राख्ने, पारलौकिक विषय र तत्त्वमा भरोसा गर्ने, आत्मा र परमात्माका गुण एवं तिनको पारस्परिक सम्बन्धका विषयमा गरिने चिन्तन (नेबृशको.) भन्ने अर्थलाई प्राथमिकतामा राखेपछि मात्र अरू धेरै कुराहरू थालनी गर्न सकिन्छ । त्यस्तै आध्यात्मिक हुनु भनेको त्यही अध्यात्मसँग सम्बन्ध राख्ने, ब्रह्मका विषयमा चिन्तन गर्ने, पारलौकिक कुरामा विश्वास गर्ने हुनु पहिलो सर्त हो । त्यसो हो भने के रस भनेको ब्रह्म चिन्तन गर्ने शास्त्र हो वा आत्मा र परमात्माका विषयमा सकारात्मक बहस चलाउने शास्त्र हो ? वा के हो त रस ? भनेर हेर्ने हो भने त्यति सन्तोषजनक उत्तर नआउने अवस्था छ । रस भनेको त काव्यशास्त्रको एउटा भावविशेष हो । कुनै पनि काव्यकृतिको आस्वादनमा अनुभूत गर्ने आनन्दानुभूति विशेष हो रस भनेको । त्यसो भएपछि यसलाई दर्शन मान्न मिल्छ कि मिल्दैन त ? कुनै पनि विषयलाई मुख्य विषय मान्न मिलेजस्तो त्यसलाई आध्यात्मिक वा दार्शनिक विषय बनाउने बारेमा भने केही विचार आवश्यक पर्छ । “वेदान्त दर्शनमा आत्मा सच्चिदानन्दस्वरूप छ । मायाको आवरणले त्यसको स्वरूप ढाकिएको हुन्छ । ज्ञानको प्रकाशले त्यो आवरण हट्दा आत्मा मुक्त भएर स्वरूपमा आउँछ । भावक प्रेक्षकको मन पनि मायाले आच्छादित रहन्छ तर काव्य र नाटकको प्रभावले मायाको आवरण तिरोहित हुन्छ र

प्रेक्षकमा परम आनन्दको अनुभूति हुन थाल्छ । यो आत्मानुभूति हो र यही रस हो । भग्नावरणचिदेव रसः अर्थात् आत्माको आवरणको विनाश रस हो" (उपाध्याय, २०४८, पृ.३७ - ३८) । यहाँ रसलाई आध्यात्मिक विषय र आत्मिक विषय पनि मानेरै रसास्वादनको चरणसम्म पुगिएको छ । जसले आध्यात्मिकहरूलाई त सन्तोष देला तर रसलाई काव्यको केन्द्रीय विषय मान्ने तर आध्यात्मिकता नमान्नेहरूलाई चित्त बुझाउन सक्दैन ।

भौतिकवादीहरूले रसलाई के भनेर मान्ने ? त्यस्तै रसानन्दको अनुभूति गर्ने भावकहरूले के मोक्ष प्राप्त गर्नेभए त ? अनि काव्य पढ्न प्रेरित हुने भावक मोक्षमार्गी हो त ? अथवा भनौं काव्यहरू पनि दर्शनग्रन्थहरू जस्तै मोक्ष सिकाउने शास्त्र हुन् त ? यी केही जटिल प्रश्नहरू यहाँ जन्मिए । निश्चय पनि रससिद्धान्त आध्यात्मिक विचार र भावनाले प्रभावित विचार हो । रसवादी आचार्यहरू र तिनको चिन्तनको पृष्ठभूमि आस्थावादी रहेको छ तर रसवादी आचार्यहरूले रसवादको धारणा भौतिक जीवन र जगत्लाई केन्द्रमा राखेर विस्तार गरेको कुराले रस आध्यात्मिक भइकन पनि व्यावहारिक जीवन अनुकूल चिन्तन हो । अतिशय आध्यात्मिक भएर रसले पनि मोक्ष नै दिलाउँछ, ब्रह्मसाक्षात्कारमा मद्दत गर्छ भन्ने खालको विचार नराखेर जीवनोपयोगी समाधान खोज्नेतर्फ लाग्न आवश्यक देखिएको छ ।

**रस ब्रह्म हो ?**

पूर्वीय वाङ्मयको पहिलो आधिकारिक ग्रन्थ वेदलाई मानिन्छ । त्यो ग्रन्थमै रसको चर्चा छ भनिएको छ । रसो वै सः मा प्रयोग भएको सः को उत्तर ब्रह्म हो र त्यो ब्रह्मले रसलाई पाएर आनन्दको अनुभूति गर्दछ । रस नै ब्रह्म हो र ब्रह्म नै रस हो । रसको भोक्ता पनि ब्रह्म हो, रस ब्रह्मस्वरूप पनि हो र ब्रह्मको भोजन पनि हो । यसरी ब्रह्म आनन्द पनि हो र आनन्दी पनि हो (उपाध्याय, २०४८, पृ.१९) भन्नेसम्मको तहमा पुगेर जब रसको व्याख्या गरिएको छ । यस्तै अर्को विचारले पनि रसलाई त्यसैगरी ब्रह्मसमान मानेको देखिन्छ । जसलाई वेदान्तमा अविनाशी, नित्य, अजन्मा, व्यापक, अद्वितीय, ज्ञानरूप, स्वतःप्रकाशमान अथवा तमोनिवर्त्तक र सर्वसमर्थपरब्रह्म भनिएको छ त्यसमा स्वतः सिद्ध आनन्द विद्यमान छ त्यो आनन्द कुनै कुनै समयमा प्रकट हुन्छ र त्यो आनन्दको अभिव्यक्ति चैतन्य, चमत्कार अथवा रस नामले पुकारिन्छ (चतुर्वेदी, २०१२, पृ.३१) यहाँ पनि रसानन्दलाई वेदान्तको ब्रह्मसँग दाँजेको पाइएको छ । यसैलाई उपाध्यायले थप मलजल गरेर -

> जसरी ब्रह्म अखण्ड छ, सच्चिदानन्द स्वरूप छ, सत्य र सुन्दर छ त्यसरी नै रस पनि अखण्ड, सदानन्द, सत्य र सुन्दर छ । वेदान्त दर्शनका प्रभावले नै रसलाई ब्रह्मनन्दसहोदर भनिएको हो प्रत्यभिज्ञा दर्शनअनुसार समस्त जडचेतनात्मक जगत् शिवरूप छ । यो विश्व नटराज शिवको नाट्य हो । तत्त्वरूपमा चिदानन्दमय जीव मलावृत्त हुनाका कारणले आफ्नो शिवरूपलाई बिर्सेर बसेको छ । आत्मस्वरूप को अनुभूति आनन्द हो र त्यही नै रस हो (उपाध्याय, २०४८, पृ.३८) ।

सम्म भनेर ब्रह्मको समकक्षीको रूपमा रसलाई मानेको पाइन्छ । निश्चय पनि यी विचार मननीय र व्याख्येय पनि छन् तर यी विचारले रसलाई दर्शनको त्यो आध्यात्मिक गहिराइतर्फ धकेल्छन् जहाँबाट भौतिक मानिस सजिलै बाहिर आउन मुस्किल पर्छ तर संस्कृतमा शब्दलाई नै ब्रह्म भनिन्छ र ब्रह्म भनेको बोधको विशिष्ट रूप हो । रसले भावकलाई बोध या अनुभूतिको त्यस्तै विशिष्ट तहमा पुऱ्याउँछ जहाँ असाधारण आनन्दको अनुभव हुन्छ भन्ने हो भने ब्रह्म (ईश्वर) का तहबाट मानिसलाई छुट्याउन र रसलाई भौतिक विषय मान्न सकिन्छ ।

यहींनेर अर्का आचार्यको अलि फरक विचार छ । रसानुभूति निर्विशेष, शुद्ध, मुक्त हृदयद्वारा ग्रहण गरिन्छ । यसैलाई रसको लोकोत्तरत्व या ब्रह्मानन्दसहोदरत्व भनिन्छ । यसैलाई अलौकिकत्व पनि भनिन्छ तर अलौकिकत्वको अर्थ यस लोकमा सम्बन्ध नभएको स्वर्गीय विभूति भनिएको होइन (शुक्ला, २००६, पृ.२६९) । वास्तवमा शुक्लाले भनेजस्तै लोकमा प्रकट हुने, लोकले अनुभूत गर्ने तर असाधारण अनुभूति रसको ब्रह्ममयता वा अलौकिकता हुनुपर्दछ । यसरी समीक्षाशास्त्री विद्वान्हरूले रसलाई अनेक तरहले दर्शन रहेको देखाएको अवस्था छ । रसलाई कसरी ब्रह्ममय मान्न सकिन्छ ? भन्ने विषयमा पनि आध्यात्मिक तहको समाधान दिएको पाइन्छ । माथि सङ्केत गरिएजस्तै प्रश्न र जिज्ञासाहरू

यहाँ पनि उठ्छन् तर यो व्याख्या त स्वयं साहित्यशास्त्री रसका व्याख्याता संस्कृतका विद्वान्हरूले गरेको कुरा हो । काव्यशास्त्रीहरूले यसको विशिष्टता जनाउन यसको दार्शनिक सन्दर्भबाट आध्यात्मिक मान्नेतर्फ ध्यान नदिई यसो भने वा उनीहरू स्वयम् आध्यात्मिक रहेका हुनाले यसको आध्यात्मिक पक्षबाट हेर्न आवश्यक ठाने वा रसका विषयमा भन्दाभन्दै अलि बढी नै भने कि ? भन्ने तर्क पनि उठ्छ । रस काव्यको आस्वाद्य तत्त्व हो । अनि यसलाई पनि दर्शन नै बनाउने ? रस रहनै नदिने ? भनेर नै रसको दार्शनिकतामा कतिपय समीक्षकहरूको विमति रहेको अनुभव हुन्छ ।

**रस आत्मा हो ?**

रसलाई आत्मा मान्ने विषय पनि दर्शनसँग त्यसरी नै जोडिएको छ जसरी आध्यात्मिकता र ब्रह्ममयता । पूर्वीय दर्शनहरूको मुख्य तत्त्वभित्र पर्ने आत्मालाई साहित्य वा काव्यमा पनि आत्मा भनिएपछि यसको अर्को बहस पनि महत्त्वपूर्ण बनेर आयो । जसरी दार्शनिकहरूले आफ्नो दर्शनको व्याख्यामा आत्मातत्त्वलाई विशेष मानेका छन् त्यसरी नै साहित्यशास्त्रको सन्दर्भमा कुरा गर्दा रसलाई लिनुपर्छ भन्ने आशयमा यहाँ आत्मा शब्दको कुरा गरिएको हो । रसका विषयमा कुरा गर्दा आएको आत्माको विषय दार्शनिक हो कि दै्रष्टान्तिक हो भन्ने विषयले पनि यहाँ ठाउँ पाउँछ । जसरी दर्शनशास्त्रीहरूले दर्शनको व्याख्याको क्रममा आध्यात्मिक दर्शको केन्द्रमा आत्मालाई राखे त्यसरी नै काव्यको सन्दर्भमा रस आत्मा सदृश हो भनिएकै कुरा मात्र हो भने रसलाई आत्मा भनिएको कुरा केवल आलङ्कारिक कुरामात्र हो भन्ने निष्कर्ष आउँछ । होइन रसानुभूतिको अवस्थाबाट मानिसले आत्मसाक्षात्कार नै गर्छ भन्न खोजिएको हो भने निश्चय पनि रस आध्यात्मिक दर्शन हो भन्नुपर्ने हुन्छ र उनै कुराहरूको पुनरावृत्ति हुन्छ । खासमा रसको सन्दर्भमा उठाइएको आत्मातत्त्वको कुरा भनेको केन्द्रतत्त्व वा महत्त्वपूर्ण तत्त्व मात्र भन्न खोजिएको हुनु युक्तिसङ्गत पनि देखिन्छ । त्यसो हो भने रस आध्यात्मिक हो भन्ने कुरा, रस ब्रह्म हो भनिएको कुरा, रसको ब्रह्मानन्दसहोदरताका कुरा, अखण्ड, स्वप्रकाश, आनन्दमय, चिन्मय आदि जे पनि विशेषण रसका बारेमा भनिएको छ ती सबैमा नै दोष देख्नुपर्ने हुन्छ किनकि कुनै पनि लौकिक तत्त्व ब्रह्ममय, स्वप्रकाश, आनन्दमय, चिन्मय आदि दार्शनिक, आध्यात्मिक गुण र विशेषताले युक्त हुन सम्भव छैन ।

**निष्कर्ष**

यद्यपि रसदर्शन त्यति नयाँ कुरा होइन । संस्कृत काव्यजगत्मा रसदर्शनका विषयमा अनगिन्ती कुराहरू भएका छन् र नेपाली समालोचनामा पनि यस विषयमा चर्चा भइरहेको पनि छ । यहीँनेर जोड्न पर्ने कुरा हो दर्शनले मोक्षको बाटो देखाउँछ र साहित्यले जीवनको बाटो देखाएको छ । एउटा शास्त्र निवृत्तिमार्गतर्फ केन्द्रित छ भने अर्कोले प्रवृत्तिमार्गतर्फ आकर्षित गरिरहेको छ । काव्य पढ्नु पनि मोक्षकै बाटोमा लाग्नु हो नभनेसम्म त काव्यको र दर्शनको सम्बन्ध एउटै हो भन्न सकिने आधार नपाइनु पर्ने हो ! हामी आध्यात्मिक हुन, काव्यप्रेमी हुन र दार्शनिक हुन पनि सम्भव छ तर काव्यले पनि मोक्षको बाटो देखाउँछ भन्ने हाम्रो आध्यात्मिकताले या काव्यप्रति या त दर्शनप्रति अन्याय गर्न सक्ने देखिन्छ । काव्यको सामान्य उद्देश्य आनन्द प्रदान गर्नु हो । उसोभए काव्यको आनन्द र मोक्षको आनन्द एउटै हुनुपर्‍यो । सायद त्यसो हुन पनि त्यति सहज कुरा होइन । यी केही विरोधाभासका बीचबाट विद्वान्हरूले चाहेको व्याख्यामा सहमत हुनु नै रसदर्शनलाई समर्थन गर्नु हो । जति सजिलो गरी रसलाई हामीले ब्रह्मसदृश मानेका छौँ त्यति सहज यसको निष्कर्ष आउँदैन । एकातिर रसवादलाई पूर्ण दार्शनिक हो भन्ने यी धेरै दृष्टान्तहरू भेटिन्छन् भने अर्कोतिर रसलाई रसबाहेक कुनै दार्शनिक साँचोमा नढाल्न विद्वान्हरूले खबर्दारी गरेझैँ पनि लाग्छ । रसवादमा अध्यात्म, ईश्वरवाद वा भाग्यवाद भएको मा भने आपत्ति नभएको जस्तो बुझिन्छ । यसरी रसवाद सबै हो भन्ने वा रसवाद केही होइन भन्ने दुबै खाले अतिवादले नै कुनै सुरक्षित गन्तव्यमा पुर्‍याउँदैनन् भन्ने पनि त्यत्तिकै महत्त्वपूर्ण कुरा हो ।

के रस अलौकिक नै हो त ? अलौकिक हो भने यसलाई भौतिक जीवनसँग दाँजेर हेर्न मिल्दैन । यो त केवल देवताहरूका निम्तिमात्र उपयोगी हुने कुरा भयो । लोकान्तरको निम्ति मात्र उपयोगी हुने भयो । काव्यशास्त्रहरू कहिलेका हुन् र किन लेखिएका हुन् भनेर तर्क गर्ने हो भने यिनले हामीलाई फेरि लौकिक संसारमा ल्याउँछन् । लौकिक जीवनका निम्ति त लौकिक कुराहरू नै चाहियो । हामीले अलौकिक रसको अनुभूति लौकिक जीवनमा कसरी गर्न सक्छौँ र ? त्यो त

सम्भव छैन । अब लौकिक रसकै विषयमा कुरा आउँछ । रसानुभूतिलाई अलौकिक मान्ने मत केही दार्शनिक विचारका र केही भावुक विद्वान्हरूबाट भए पनि रसको साहित्यिक गरिमा बुझेका विद्वान्हरूले भने अलि फरक मत राखेको पाइन्छ । रस लौकिक हो भने यसलाई अलौकिक किन भनियो ? के रसलाई रस नै मान्न मिल्दैन ? किन यसलाई अतिशय महत्त्व दिएर महिमामण्डित गर्ने ? रस भनेको आनन्दको अनुभूति गराउने लौकिक तत्त्व हो । यसले पाठक वा भावकका मनमा साधारणीकरणका माध्यमले आनन्दानुभूति गराउँछ र त्यो विशेष प्रकारको हुने हुनाले सजिलै विवेचना गर्न सकिँदैन भने भयो, किन अलौकिताको कुरा गरेर अतिरञ्जित गर्ने ? सारमा भौतिक जीवनका, भौतिक धर्म लिएर आएका व्यक्तिहरूबाट लेखिएका, भौतिक काव्यकृतिहरूले, भौतिक जीवनकै व्यक्तिहरूलाई, भौतिक जीवनअनुरूपको तर असाधारण आनन्दादि प्रदान गर्दछन् भन्यो भने रसको लौकिक महत्त्व अझ बढी घनीभूत हुन्छ भन्ने लाग्दछ । संस्कृत साहित्यमा यस प्रकारका बहसहरू भइरहेकै परिप्रेक्ष्यमा रसलाई सर्वमान्य काव्यतत्त्व मान्दामान्दै पनि रसलाई आध्यात्मिक मान्दा उठ्न सक्ने कतिपय प्रश्नहरूको समाधान पनि त्यही रूपमा आउन सक्यो भने यो मान्यता अझ विशिष्ट बन्दै जाने कुरालाई स्वीकार गर्दै केही भिन्न मतको प्रस्ताव यस आलेखमा गरिएको छ ।

## सन्दर्भसूची


आचार्य, माधव (सन् १९९७), *सर्वदर्शन सङ्ग्रह* (हिन्दी अनुवाद), उमाशंकर शर्मा ऋषि, पाँ.सं, वाराणसी : चौखम्वा विद्याभवन ।

उपाध्याय, केशवप्रसाद (२०४८), *पूर्वीय साहित्यसिद्धान्त* (ते.सं.), काठमाडौँ : साझा प्रकाशन ।

एटम, नेत्र (२०६१), *समालोचनाको स्वरूप,* ललितपुर : साझा प्रकाशन ।

कँडेल, घनश्याम (२०५५), *नेपाली समालोचना,* ललितपुर : साझा प्रकाशन ।

गौतम,कृष्ण (२०६७), *उत्तरआधुनिक संवाद,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन ।

चट्टोपाध्याय,सतीशचन्द्र और धीरेन्द्रमोहन, दत्त (सन्.१९८३), *भारतीय दर्शन,* पटना : पुस्तक भण्डार ।

चतुर्वेदी,पुरुषोत्तम शर्मा,(हि.अ.) (सन्.२०१२), *हिन्दी रसगंगाधर* (द्वि.सं.), काशी : प्रचारिणी सभा ।

चालिसे, नारायण (२०६९), *पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास,* दाङ : बीपी चिन्तन केन्द्र ।

पोखरेल, भानुभक्त (२०५९), *सिद्धान्त र साहित्य* (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

विश्वनाथ, (२०५१), *साहित्यदर्पण,* शेषराज शर्मा रेग्मी, (व्या.) वाराणसी : कृष्णदास अकादमी ।

वेदव्यास, महर्षि (२०७४), *श्रीमद्भागवतमहापुराणम्* (अठ्तालिसवाँ पुनर्मुद्रण), गोरखपुर : गीताप्रेस ।

शर्मा, अर्जुनदेव, (अनु.) (२०६१), *भारतीय दर्शनहरूमा के छ ?,* काठमाडौँ : प्रवेश प्रकाशन ।

शर्मा, चन्द्रधर, (सन् १९९८), *भारतीय दर्शन आलोचन और अनुशीलन,* दिल्ली : मोतीलाल वनारसीदास ।

शर्मा, आचार्य, श्रीराम,(सम्पा.) (२००२), १०८ *उपनिषद्,* हरिद्वार : ब्रह्मवर्चस् शान्तिकुञ्ज ।

शुक्ला,रामचन्द्र (सन्.२००६), *रस-मीमांसा,* काशी : नागरी प्रचारिणी सभा ।

सिन्हा, हरेन्द्रप्रसाद (सन् १९८३), *भारतीय दर्शन की रूपरेखा,* दिल्ली : मोतीलाल वनारसीदास ।